# National News

07/08/2026

प्रमुख समाचार

- राष्ट्रपतिले भन्नुभयो, हतकरघा क्षेत्र जीविकोपार्जनको माध्यम मात्र नभएर समावेशी विकासको आधार पनि हो
- भारत सरकारले संयुक्त राष्ट्र सुरक्षा परिषद्को विस्तारित संरचनामा स्थायी सदस्यको दाबी अघि बढाइरहेछ
- विदेशी अंशदान (विनियमन) संशोधन विधेयकबारे अमेरिकी सांसदले उठाएको आपत्ति भारतद्वारा अस्वीकार
- मिजोरमका मुख्यमन्त्रीको गृह मन्त्रीसित भेटवार्ता
- विपक्षीको हंगामाबीच संसदका दुवै सदनमा विधायी कार्य सुचारू रूपमा पूरा भएको किरेन रिजिजूको भनाइ

## • National Handloom Day

राष्ट्रपति द्रौपदी मुर्मुले हतकरघा क्षेत्र जीविकोपार्जनको माध्यम मात्र नभएर समावेशी विकासको सशक्त आधार भएको बताउनुभयो। नयाँ दिल्लीमा बाह्रौं राष्ट्रिय हतकरघा दिवसको अवसरमा आयोजित कार्यक्रममा उहाँले भन्नुभयो..... राष्ट्रपतिले देशमा हतकरघा क्षेत्रसित पैंतीस लाखभन्दा अधिक व्यक्ति आबद्ध रहेको र तीमध्ये लगभग पच्चीस लाख महिला रहेको जानकारी दिनुभयो।
यस अवसरमा वस्त्रमन्त्री गिरिराज सिंहले हतकरघा उत्पादनलाई पर्यावरणमैत्री वस्त्रका रूपमा प्रवर्द्धन गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभयो। कार्यक्रममा राष्ट्रपति श्रीमती मुर्मुले २०२५ को सन्त कबीर हतकरघा पुरस्कार र राष्ट्रिय हतकरघा पुरस्कार प्रदान गर्नुभयो।

-------------------------------------X-------------------------------------

## • Shital Tamang Receives National Handloom

यस अवसरमा अन्यसितै सिक्किमको जोरथाङ निवासी शीतल तामाङ राष्ट्रिय हातकरघा पुरस्कार २०२५ ले सम्मानित हुनुभएको छ। भारतको हतकरघा क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै उहाँलाई आज नयाँ दिल्लीमा आयोजित राष्ट्रिय हतकरघा दिवस समारोहमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुको बाहुलीद्वारा पुरस्कार प्रदान गरियो।
पुरस्कार ग्रहणपछि श्रीमती तामाङले राष्ट्रपति श्रीमती मुर्मु र भारत सरकारप्रति आभार व्यक्त गर्दै यो सम्मान आफू मात्र नभएर सिक्किमका सम्पूर्ण बुनकर समुदायको गौरव

भएको बताउनुभयो। उहाँले यस पुरस्कारले आफूलाई आगामी दिनमा अझ राम्रो काम गर्न प्रेरणा मिल्ने र हतकरघा तथा बुनाइलाई पेशाका रूपमा अपनाउन चाहने नयाँ पुस्ताका लागि प्रेरणाको स्रोत बन्ने विश्वास व्यक्त गर्नुभयो।
श्रीमती तामाङले हतकरघा तथा बुनकर समुदायको विकासमा निरन्तर सहयोग पुऱ्याएकोमा मुख्यमन्त्री प्रेमसिंह तामाङप्रति पनि कृतज्ञता व्यक्त गर्नुभयो।

--------------------------------------X--------------------------------------

- LS India vs UNSC

भारत सरकारले संयुक्त राष्ट्र सुरक्षा परिषद्को विस्तारित संरचनामा स्थायी सदस्यका रूपमा आफ्नो दाबीलाई निरन्तर अघि बढाइरहेको जनाएको छ। लोकसभामा लिखित जवाफ दिँदै विदेश राज्यमन्त्री कीर्ति वर्धन सिंहले सुरक्षा परिषदमा स्थायी र अस्थायी दुवै श्रेणी विस्तार गर्न तथा विशेषगरी विकासशील देशहरूको प्रतिनिधित्व बढाउन भारतले निरन्तर जोड दिँदै आएको बताउनुभयो।

उहाँकाअनुसार भारतको स्थायी सदस्यताको विषय द्विपक्षीय र बहुपक्षीय सबै मञ्चमा, उच्च तहसम्म उठाइएको छ। राज्यमन्त्रीले यसका लागि सुरक्षा परिषद्का पाँच स्थायी सदस्यसहित विभिन्न देशसँग निरन्तर कूटनीतिक पहल भइरहेको पनि जानकारी दिनुभयो।

--------------------------------------X--------------------------------------

- External Affairs Ministry Briefing

भारतले विदेशी अंशदान (विनियमन) संशोधन विधेयकबारे अमेरिकी सांसदहरूले उठाएको आपत्तिलाई अस्वीकार गर्दै यो आफ्नो आन्तरिक विधायी विषय भएको जनाएको छ। नयाँ दिल्लीमा विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले यस विषयमा निर्णय गर्ने अधिकार भारतीय संसदलाई रहेको बताउनुभयो। उहाँले अमेरिका लगायत धेरै देशमा पनि विदेशी स्रोतबाट आउने रकम नियमन गर्न कानुन लागू रहेको उल्लेख गर्नुभयो।

बङ्गलादेशकी पूर्व प्रधानमन्त्री शेख हसिनाको पत्रकार सम्मेलनबारे उहाँले उक्त कार्यक्रम निजी सञ्चार संस्थाले आयोजना गरेको र त्यसमा भारत सरकारको कुनै भूमिका नरहेको स्पष्ट पार्नुभयो। श्री जायसवालले भन्नुभयो, कार्यक्रममा व्यक्त विचारलाई सरकारले समर्थन गर्नेछैन। प्रवक्ता श्री जायसवालकाअनुसार प्रधानमन्त्री नरेन्द्र मोदी र इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुबीच टेलिफोन वार्ता भएको छ। उहाँले वार्तामा पश्चिम एसियाको पछिल्लो अवस्था र हालका घटनाक्रमबारे छलफल भएको तथा भारत–इजरायलबीचको विशेष रणनीतिक साझेदारीबारे पनि कुराकानी भएको जानकारी दिनुभयो।

--------------------------------------X--------------------------------------

- <u>Mizoram CM-Amit Shah meeting</u>

यसैबीच, मिजोरमका मुख्यमन्त्री लालदुहोमाले आज नयाँ दिल्लीमा केन्द्रीय गृह मन्त्री अमित शाहसित भेट गर्नुभयो। बैठकमा प्रस्तावित विदेशी अंशदान (विनियमन) संशोधन विधेयक, 2026 समेत विभिन्न मुद्दामाथि चर्चा भयो। बैठकपछि मुख्यमन्त्री श्री लालदुहोमाले केन्द्रीय गृह मन्त्रीले प्रस्तावित विधेयकलाई पूर्वव्यापी प्रभावबाट लागू नगर्ने आश्वासन दिएको बताउनुभयो। उहाँले भन्नुभयो, यस सम्बन्धमा राज्यको चिन्ताबारे गृह मन्त्रीलाई अवगत गराइयो। मुख्यमन्त्रीले भन्नुभयो, अन्य मुद्दामाथि पनि श्री साहले छुट्टै रूपमा विचार गर्ने आश्वासन दिनुभएको छ। प्रस्तावित विधेयकमाथि संसदमा बाह्र अगस्तमा चर्चा हुने सम्भावना छ। मुख्यमन्त्रीले राज्य सरकारले पहिला प्रस्तावित संशोधनमाथि आपत्ति जताउँदै कानुनमा कुनै पनि परिवर्तनभन्दा अघि व्यापक परामर्शको आवश्यकतामाथि जोड़ दिइएको बताउनुभयो।

--------------------------------------X--------------------------------------

- <u>Kiren Rijiju-Response</u>

केन्द्रिय संसदीय कार्य मन्त्री किरेन रिजिजूले भन्नुभयो, विपक्षीको हंगामा हुँदाहुँदै पनि संसदका दुवै सदनमा विधायी कार्य सुचारू रूपमा पूरा भयो। संसद परिसरमा पत्रकारहरूसित कुरा गर्दै उहाँले भन्नुभयो, लोकसभाले आज सूक्ष्म, लघु तथा मध्यम उद्यम विकास (संशोधन) विधेयक, 2026 पारित गऱ्यो। उहाँले हालमा मनसून सत्रलाई विशेष सत्रको माध्यमबाट बढ़ाउने कुनै प्रस्ताव सरकारको विचाराधीन नरहेको पनि स्पष्ट पार्नुभयो। केन्द्रिय गृह मन्त्री अमित शाहबाट सदनमा बयान दिलाउने विपक्षको मागमाथि श्री रिजिजूले भन्नुभयो, सदनमा कुनै विशेष विषयमाथि कुन मन्त्रीले उत्तर दिनुपर्छ, यसको निर्णय सरकारले अध्यक्षको अनुमति र कार्यसूचीअनुसार गर्दछ।

--------------------------------------X--------------------------------------

- <u>FM Dr. S Jaishankar</u>

विदेश मन्त्री डा. S जयशंकरले भारत र पाकिस्तानबीचको सम्बन्ध आतंकवाद, शत्रुता र हिंसामुक्त वातावरणमा मात्रै अघि बढ्न सक्ने बताउनुभएको छ। लोकसभामा लिखित उत्तर दिँदै उहाँले पाकिस्तानले सीमापारबाट हुने आतंकवादी गतिविधिलाई निरन्तरता दिइरहेको र त्यसलाई भारतविरुद्ध राज्य नीतिको साधनका रूपमा प्रयोग गरिरहेको आरोप लगाउनुभयो।
डाक्टर जयसंकरकाअनुसार पुलवामा आतंकवादी आक्रमणपछि भारतले पाकिस्तानलाई दिएको 'मस्ट फेभर्ड नेसन' को सुविधा फिर्ता लिँदै आयात हुने सबै सामानमा दुई सय प्रतिशतसम्म भन्सार शुल्क लगाएको थियो। विदेश मन्त्रीले यसका साथै, सिन्धु जल

सन्धि स्थगन, अटारी नाका बन्द, भिसामा कडाइ तथा दुवै देशका कूटनीतिक उपस्थितिलाई सीमित गर्ने लगायतका पहल चालेएको जानकारी दिनुभयो। विदेश मन्त्री डाक्टर जयशंकरले पाकिस्तान र पाकिस्तान अधिकृत जम्मु-कश्मीरका आतंकवादी संरचनालाई लक्षित गरी सैन्य कारबाहीसमेत गरिएको उल्लेख गर्नुभयो। उहाँले दुवै देशका कूटनीतिक नियोग कायम रहेको र महानिदेशक सैन्य सञ्चालन, क्षेप्यास्त्र परीक्षणको पूर्वसूचना तथा बन्दीहरूको सूची आदानप्रदानजस्ता कार्यगत सम्पर्क भने जारी रहेको बताउनुभयो।

--------------------------------------X--------------------------------------

- I4C-Boss Scam

भारतीय साइबर अपराध समन्वय केन्द्रले निजी क्षेत्रका संस्था र वित्तीय क्षेत्रमा कार्यरत व्यवसायीहरूलाई 'बोस स्क्याम' नामक साइबर ठगीबाट सतर्क रहन आग्रह गरेको छ। गृह मन्त्रालयकाअनुसार राष्ट्रिय साइबर अपराध उजुरी पोर्टलमा यस्ता घटनाको उजुरी बढिरहेको छ। ठगी गर्नेहरूले वाट्सएप, SMS अथवा इमेलमार्फत जिप फाइल पठाएर तत्काल खोल्न दबाव दिने गरेका छन्।

त्यस्तो फाइल कम्प्युटरमा खोलेपछि उपकरण ह्याक हुने र वाट्सएप खाता नियन्त्रणमा लिएर पीडितको सम्पर्क र समूहमा त्यही फाइल स्वतः पठाइने गरिएको मन्त्रालयले जनाएको छ।

--------------------------------------X--------------------------------------

- Mumbai- Global South Film Festival

भारतले आउने वर्ष पहिलो ग्लोबल साउथ फिल्म महोत्सवको आयोजना गर्नेछ। आज मुम्बईमा ब्रिक्स वेब्स बजारअवधि यसको घोषण गरियो। फिल्म तथा मनोरञ्जन क्षेत्रमा अन्तरराष्ट्रीय सहयोगलाई दह्लिलो बनाउने उद्देश्यले धेरै समझौताको पनि घोषणा गरियो। राष्ट्रीय फिल्म विकास निगम (NFDC) र भारतीय राष्ट्रीय फिल्म अभिलेखागारसहित धेरै संस्थानहरूले ब्राजील, रूस र भियतनाम जस्ता देशका सहयोगी संस्थानसित समझौतामा हस्ताक्षर गरे। सहभागी संगठनहरूले फिल्म सह-निर्माणको अवसरको पत्तो लगाउनमाथि पनि सहमति व्यक्त गरे।

दुई दिवसीय वेब्स ब्रिक्स बजार आज समाप्त भयो। NFDC-का प्रबन्ध निदेशक प्रकाश मगदुमले भन्नुभयो, ब्रिक्स वेब्स बजारमा बीसजना सदस्य र सहयोगी देशका नौं सयभन्दा अधिक प्रतिनिधिले सहभागिता जनाए।

--------------------------------------X--------------------------------------

- J&K Water Project

जम्मु-कश्मीरका मुख्यमन्त्री उमर अब्दुल्लाले उधमपुर र रियासी जिल्लामा पिउने पानी आपूर्ति तथा ढल व्यवस्थापन सुदृढ बनाउन एक सय चालीस करोड रूपियाँभन्दा अधिक लागतका दुईवटा महत्त्वपूर्ण परियोजनाको शिलान्यास गर्नुभयो। आकाशवाणी जम्मुकाअनुसार अमृत योजनाको दोस्रो चरणअन्तर्गत उधमपुरका लागि एक सय चौबीस करोड रूपियाँभन्दा अधिकको पिउने पानी विस्तार परियोजना र सोल्ह करोड रूपियाँभन्दा अधिकको जल व्यवस्थापन परियोजना सञ्चालन गरिनेछ।
मुख्यमन्त्री श्री अब्दुल्लाले रियासी जिल्लाको ढल व्यवस्थापन परियोजनाको भर्चुअल माध्यमबाट शिलान्यास गर्नुभयो। यी परियोजनाले  पिउने पानी आपूर्ति, फोहोर पानी प्रशोधन तथा सरसफाइ पूर्वाधारमा उल्लेखनीय सुधार हुने अपेक्षा गरिएको छ।

--------------------------------------X-------------------------------------